मिति २०८२/०३/०९ गतेको नगर कार्यपालिकाको बैठकका निर्णयहरु

## निर्णय नं. १

सैनामैना नगरपालिकाको आ.व. २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

सैनामैना नगरपालिका र सो अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुको २०८२ पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।साथै स्वीकृत दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

सैनामैना नगरपालिकाको सम्पत्ती कर तथा भूमिकर प्रयोजनको लागि जग्गाको न्यूनतम मुल्य कायम गर्नको लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| वडाध्यक्ष श्री कृष्ण प्रसाद घिमिरे | संयोजक |
| वडाध्यक्ष श्री रामप्रसाद भुसाल | सदस्य |
| वडाध्यक्ष श्री गोपाल पोखेल | सदस्य |
| इन्जिनियर श्री सुरज न्यौपाने | सदस्य |
| प्रशासकीय अधिकृत श्री केशवराज अर्याल | सदस्य |
| प्रशासकीय अधिकृत श्री रामकुमार भट्टराई | सदस्य |
| अधिकृत श्री सुजन भण्डारी | सदस्य सचिव |

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८२/०३/०९ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. ४

सैनामैना नगरपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत सामूदायिक विद्यालयका लागि फर्निचर खरिदको लागि शिलबन्दी दरभाउपत्र स्वीकृत भइ सुर्यविनायक कन्स्ट्रक्शन सँग सम्झौता भएकोमा तोकिएको म्याद भित्र फर्निचर निर्माण गर्न नसकेको र हाल फर्निचर निर्माण गरी दाखिला गरेकोले यस बर्षको बजेटमा सामुदायिक विद्यालयका लागि फर्निचर खरिद गत बर्षको दायित्व शिर्षकमा समावेश भएकोले उक्त सम्झौताको म्याद २०८२ आषाढ २० गते सम्म म्याद थप गरी भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

सैनामैना नगरपालिका वडा नं ४ मा रहेको ईलाका प्रहरी कार्यालय रन्यौराको पत्रानुसार यस सैनामैना नगरपालिका वडा नं. ४ मा उक्त कार्यालयले संरक्षण गर्दै आएको बाउण्डरी भित्र रहेको भवन र भवनले चर्चेको पूर्वः- शिवशंकर मल्लाह, जमुना पोखेल उपाध्याय, मुकुन्द वेलवासे समेत, पश्चिमः- साविक पर्रोहा स्वास्थ्य चौकी र हुलाकको जग्गा, उत्तर पूर्व पश्चिम लोकमार्ग र दक्षीण सैनामैना फूटवल स्टेडिया यति चार किल्ला भित्रको बेदर्ता करीव ४३४८.६३ वर्ग मिटर जग्गा नियमानुसार ईलाका प्रहरी कार्यालय रन्यौराको नाममा दर्ता प्रक्रिया अगाडि बढाउन जिल्ला जग्गा व्यवस्थापन समिति रुपन्देहीलाई अनुरोध गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८२/०३/०३ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

सैनामैना नगरपालिकाको आ.व. १०८२/०८२ को बार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी सत्रौं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

सैनामैना नगरपालिका अन्तर्गत उपभोक्ता समितिबाट सञ्चालित योजनाहरुको माग अनुसार आर्थिक बर्ष भित्र कार्य सम्पन्न गरी भुक्तानी हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख